
पुस्तक समीक्षा



सुप्रभ आचार्य
कक्षा ९ ‘सैपाल’
डियरवाक सिफल स्कुल

पुस्तक परिचय
विधा - कविता सङ्ग्रह
नाम -पोल्टाभित्र डिही
लेखक - पेशलकुमार लुइटेल
प्रकाशक - शिखा बुक्स

प्राकृतिक, श्रृङ्गारिक र न्यायिक थुङ्गाहरूको काव्यिक गुच्छाः पोल्टाभित्र डिही

पेशलकुमार लुइटेलद्वारा लिखित ‘पोल्टाभित्र डिही’ कविता सङ्ग्रह वि.सं. २०७८ साल असोजमा शिखा बुक्सद्वारा प्रकाशन भएको उत्कृष्ट कविता सङ्ग्रह हो। यस कविता सङ्ग्रहमा श्रृङ्गार रस, वीर रस, शान्त रस जस्ता साहित्यका विभिन्न रसहरू मिसिएका छन्द कविता समावेश गरिएको छ । जम्मा ८३ वटा कविता रहेको यस कविता सङ्ग्रहमा १४१ पृष्ठ रहेको छ । यसको पहिलो संस्करण २०७८ असोजमा भएको थियो ।

‘पोल्टाभित्र डिही’ नामक कविता सङ्ग्रहमा रहेका कविताहरू शार्दूलविक्रीडित, उपजाति, शिखरिणी, वसन्ततिलका, अनुष्टुप, पञ्चचामर, भुजङ्गप्रयात, विद्युन्माला लगायतका छन्दहरूमा रचना गरिएको छ । यस सङग्रहको शीर्षक रहेको कविता ‘पोल्टाभित्र डिही’ यस कविता सङ्ग्रहको नवौँ कविता हो । यो कविता कविले शार्दूलविक्रीडित छन्दमा रचना गरेका छन् । नौ श्लोक भएको यो कविताको रस करूण रस हो । यस कविताका मार्फत उनले हालको आधुनिक युगमा मानवहरूले गर्ने व्यवहार र आफूभित्रको क्षमता देख्न नसक्दा गुनासा र पीडाहरू

उल्लेख गरी आधुनिक मानवहरूलाई सबै हामीसँगै भएको र त्यसको खोजी तथा पहिचान गर्न आवश्यक रहेको कुरा उल्लेख गरेका छन् । उनले यसमा मानिसले मानिसकै घर व्यवहार विगारेका उदाहरणहरूलाई समेत देखाउन खोजेका छन् भने यो मानव जुनीमा कसैले केही लिएर नजाने र तेरो मेरोको भावना त्यागी मानवीय भाव देखाउनु पर्ने कुरालाई झल्काएका छन् । यस सङ्ग्रहमा कविले ३० भन्दा माथि कविता शार्दूलविक्रीडित छन्दमा लेखेका छन् । ती कवितामध्ये मलाई मन परेको कविता 'गुरु' पनि एक हो । यस कवितामा लेखिएका श्लोकहरूमध्ये तलको श्लोकले मेरो मन छोएको छ ।

"मेरा वास्तव पूज्य रुप गुरू हुन् आचार्य प्रारूप हुन्,
बास्ना आउँछ ज्ञानको गुरुहरू कर्पूर या धूप हुन्"
-गुरु ( पृष्ठ १)

त्यसैगरी यस कवितासङ्ग्रहको अर्को कविता 'सगरमाथाको प्रतिबिम्ब' हो र यो कविता शिखरिणी छन्दमा लेखिएको छ। शिखरिणी छन्दको एक पङ्क्तिमा १७ अक्षर हुन्छन् भने यसको गण 'य म न स भ ल गु' रहेको हुन्छ। यो कविताको रस वीर रस हो भने लुइँटेलले यस कवितामा सगरमाथाको सुन्दर पक्षलाई र यसको मनमोहक दृष्य साहित्य रसले डुवाएर वीर रसको प्रयोग गरी मिठो भावमा व्याख्या गरेको पाइन्छ । यस सङ्ग्रहमा उनले प्रकृति दोहन र प्रकृतिसँग नामक कविता पनि शिखरिणी छन्दमा रचना गरेका छन् ।

यस सङ्ग्रहमा रचना गरिएका शृङ्गार रसको कवितामध्ये 'म र प्रेम' शीर्षकको कविता उपजाति छन्दमा रचना गरिएको हो । यो कविता यस पुस्तकको १२ औँ कविता हो । यस उपजाति छन्दको कविताको १० पाउ रहेको छ भने हरेक पङ्क्तिमा ११ अक्षर हुन्छन् । त्यसैगरी यसको गण 'त त ज गु गु' हुन्छ । यस कविताले माया

र प्रेम, निस्वार्थ र चोखो हुनुपर्ने र यसलाई देखावटी गर्न नहुने कुरालाई उल्लेख गरेको छ । यस कविताको दोस्रो श्लोक “माया बनोस् स्निग्ध विचित्रताको, बहार शैलेश्वर स्वच्छताको, प्रारब्ध राम्रो जब जन्मिँदैको, सम्बन्ध हाम्रो छ सधैँ सधैँको।” श्लोकमा मायाको वर्णन गरिएको छ जुन मलाई असाध्यै मन परेको श्लोक मध्ये एक हो ।

कविले ‘बुद्धत्व’ शीर्षकको कविता लेखेर एसियाको ज्योति भनेर चिनिने गौतम बुद्धले दिएका उपदेशलाई सबै नेपालीले आत्मसाथ गरेर जानु पर्ने र बुद्ध हाम्रा लागि अतुलनीय भएको कुरालाई देखाएका छन् । यस कवितामा कविले शान्त रसको प्रयोग गरी वसन्ततिलका छन्दमा रचना गरिएका छन् । यो छन्दको एक पंक्तिमा १४ अक्षर हुन्छ भने यसको गण ‘त भ ज ज गु गु’ रहेको हुन्छ। यस कविताको चौथो श्लोक “भाला खुँडा र तरबार कतै लुकाओ, आँसी कुटा घन छिना करमा समाओ, हाँसोस् सदा अटफ भैकन बोधिवृक्ष, एकै बनून् भुवनमा ती विपक्ष-पक्ष ।” ले शान्तिको भूमि नेपालमा हातहतियार सहितको युद्द नगरी बुद्धले ज्ञान प्राप्त गरेको बोधिवृक्षको कसम खाएर सबैमा भाइचारा फैलाउदै बस्न सकेमा बुद्ध खुसी हुने कुरा उल्लेख भएकोले यस कविताका यि हरफहरूले मेरो मन छोएको छ र सबैलाई शान्तिको सन्देश दिएको छ ।
यस कविता सङ्ग्रहको सत्रौं कविता ‘खोज्दै छु सृष्टिबीज म’ अनुष्टुप छन्दमा लेखिएको कविता हो । छन्दको एक पंक्तिमा १६ अक्षर भएको छन्द अनुष्टुप छन्द भनिन्छ भने यस छन्दमा कुनै पनि गण तोकिएको वा छुत्याइएको हुँदैन। यो कविता वीर रस र देश प्रेमको भावमा लेखिएको छ। यस कवितामा कविले देश बनाउन भावनाले मात्र काम गर्दैन, यसका लागि देश भक्ति हुन जरूरी छ त्यसैले म त्यसको वीज खोजिरहेछु भनेर देश प्रेमको भाव पोखेका छन् । जुन भाव हामी तलको पंक्तिबाट बुझ्न सक्छौँ।

"उदाएको कुनै जून हो कि वा हिमशृङ्खला,
प्राणको आयु सिद्धिन्छ मर्दैन देशको कला"

-खोज्दै छु सृष्टिबीज म ( पृष्ठ ३३)

त्यसैगरी कविले भुजङ्गप्रयात छन्दमा लेखेको 'तिमी खास मेरी' शीर्षकको कविता शृङ्गार रसमा लेखिएको छ। यस छन्दको एक पङ्क्तिमा १२ अक्षर हुन्छ र यसको गण 'य य य य' हो । यस कवितामा कविले आफ्नी जीवन सङ्गिनीलाई कवितामार्फत सम्झिएको कुरा देखिन्छ जसमा उनका राम्रा कुरा आफ्नो जीवनमा उनको महत्त्व उनले आफूमा पारेको प्रभावका बारेमा वर्णन गरिएको छ । एक मायालु जोले आफ्ना प्रेमिकामा देख्ने कुराहरू यस कविता वाचन गर्दा झल्किएको पाइन्छ । कविको अर्को कविता विध्युन्माला छन्दमा लेखिएको 'आँखाले खोजेको' रहेको छ। कवितामा कविले मायाको भावलाई प्रस्तुत गरेका छन् र शृङ्गार रसको प्रयोग गरेका छन् । यो छन्दको एक पंक्तिमा ८ अक्षर हुन्छ र यो 'म म गु गु' गणमा लेखिएको हुन्छ । यस कविता आफ्नै ठानेका मान्छेले दिने धोका र दिएका धोकाले पार्ने पिडाका बारेमा चर्चा गरिएको छ ।

"तिमी सास मेरी तिमी खास मेरी,
भरोसा तिमी नै तिमी आश मेरी"

"दियौ प्रेमगाथा म भर्दै छु पाना,
चुमी हात तिम्रै म गाउँ कि गाना"

-तिमी खास मेरी (पृष्ठ ३७)

यो कविता सङ्ग्रह पढ्दै जाँदा हामीले मायाको भावमा र शृङ्गार रस प्रयोग भएका कविताहरू देख्न र पढ्न पाउँछौँ । 'तिम्रो आभास' शीर्षकको कविता ती कवितामध्ये नै एक रहेको छ। यो कविता दिक्पाल छन्दमा लेखिएको छ । जसमा प्यारो मान्छेको साथले आफूमा पर्न सक्ने सकारात्मक प्रभावका अनुभुतिलाई व्याख्या गरिएको छ जसलाईः

"त्यो साथ गाथ तिम्रो मेरै भएर कैले,
पोत्नेछु रङ्ग सारा त्या क्यानभास मैले"
-तिम्रो आभास( पृष्ठ ४२)

यतिमात्र हैन कविता सङ्ग्रहको १०५ पृष्ठमा रहेको मन्दाक्रान्ता छन्दको कवितामा कोरोनाले सबै जाती वर्ग, धर्म, धनी गरीव भन्ने कुरा नदेखेको र सबैलाई मृत्युसँग हारेको कुरा उल्लेख गरी 'समय र कोरोना' नामक शीर्षक राखेर समयले मानिसलाई जहाँ पनि पुर्याउने हुनाले कसैले पनि आत्तिने र मात्तिने गर्न नहुेन कुरालाई कविले कवितामा उल्लेख गरेका छन् । समयअनुसार मानिसले विभिन्न समस्या झेल्नु पर्ने, समयको बसमा रहेर मान्छेले पनि बाच्नु पर्ने, समय चलायमान हुने र सबै कुरा समय अनुसार हुने भएकाले भुसुनो जस्तो जीवले पनि कुनै बेला संसारको उत्कृष्ट प्राणी कहलिएको मानिसलाई एउटा कोठामा थुनेर राख्न सक्ने सामर्थ्य पनि राख्दो रहेछ भनेर कोरोना कहरको बारेमा उल्लेख गरेका छन् ।

समग्रमा भन्नु पर्दा 'पोल्टाभित्र डिही' कविता सङ्ग्रहमा देश प्रेम, मायाको भाव, समाजको अवस्था, संयोग, वियोग, देश भक्ति, चालचलनलाई कविताका माध्यमबाट व्यक्त गरिएको छ । यी कविताहरूबाट हामीले देश प्रेम, केटाकेटी बिचको संयोग र वियोग, पिडा, बहादुरी आदीका बारेमा सजिल्लै बुझ्न सक्छौँ । कानुन, शिक्षा, साहित्य र अन्तराष्ट्रिय सम्बन्धका बारेमा अध्ययन गरेका कवि

पेशल लुइटेल अधिवक्ता पनि हुन् भन्ने कुरा उनको बारेको खोजबाट थाहा हुन्छ। उनले शिक्षण पेसामा पनि आफूले अनुभव बटुलेको र उनका छन्द कवितामा विषय, विविधता र नवीनता रहेको पाइएको छ । यस पुस्तकमा शुभकामना व्यक्त गर्ने कवि टीका आत्रेयले पेशाल कुमार लुइटेलको यो कविता सङ्ग्रह भित्रका कविता सङ्लो नदीझैँ बगेको र कुनै अवरोध नभएको उल्लेख गर्नाले कविका कविता सरल, मिठास र पाठकको मन जित्न सफल छन् भन्न सकिन्छ । यही भएर म यो कविता सङ्ग्रहले माथिल्लो उमेर समूहका पाठकहरूका लागि समय, प्रेम र देश भक्तिका साथै साहित्य र दर्शन समेतको प्रभावकारी ज्ञान दिन सक्ने भएकाले त्यो उमेर समुहका लागि यो कविता सङ्ग्रह सिफारिस गर्दछु ।